वर्ष : २०, अंक : ०२, काठमाडौं, २०८१ बैशाख १४ गते शुक्रबार, 26 April, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेश सरकारद्वारा स्व.आनन्द साहको परिवारलाई सहयोग



जनकपुरधाम । हमास समूहको आक्रमणमा परि गत असोज महिनामा मृत्यु भएको धनुषाका आनन्द साहको परिवारलाई मधेश सरकारले पाँच लाख रुपैयाँ सहयोग गरेको छ ।

मधेश सरकारबाट घोषणा भए अनुरुप मुख्यमन्त्री सरोज कुमार यादवले शुक्रबार मृतक साहका बुवा सोमन साहलाई रु.पाँच लाख बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

गत असोज २० गते इजरायलको मध्य र दक्षिण क्षेत्रमा हमास समुहले गरेको आक्रमणमा परि धनुषाको लक्ष्मिनिया गापा ४ बस्ने आनन्द साहसहित अध्ययन भ्रमणमा रहेको १० जना विद्यार्थीको निधन भएको थियो ।

# मधेशमा लगानी गर्न उद्योगी व्यवसायीलाई मुख्यमन्त्रीको आह्वान

सिरहा । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशमा लगानी गर्न उद्योगी व्यवसायीहरुलाई आह्वान गरेका छन् ।

उद्योग वाणिज्य संघ लहानले आयोजन गरेको लाहान एक्सपोको समापन समारोहमा मुख्यमन्त्री यादवले उद्योग व्यवसायका लागि उपयुक्त भूमि मधेश प्रदेशमा लगानी गर्न आह्वान गरेका हुन् ।

मधेश प्रदेशमा गरिने लगानीको सुरक्षा लगायतको विषयमा प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले निर्भिक भएर लगानी गर्न आग्रह गरे ।

मधेश विद्रोहको उद्गम भूमि लहान मधेश सरकारका लागि पुज्यनीय भूमि



रहेको उल्लेख गर्दै उनले लहानको विकासका लागि गौरवको योजना दिन स्थानीय सरकारलाई आग्रह गरे ।

मधेश सरकारले शहीद संग्रहालयका लागि ३ करोड उपलब्ध गराइसकेको हुँदा जग्गा प्राप्ति र डिपिआर पछि अपुग हुने रकम समेत तत्काल उपलब्ध गराउने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

लहानबासीको मांगलाई सम्बोधन गर्दै बलान नदी नियन्त्रणको काम शुरु भैसकेको जानकारी गराउँदै मुख्यमन्त्री यादवले यसै आर्थिक वर्षमा बलान नदी नियन्त्रणको काम सम्पन्न हुने समेत बताए ।

लहान उद्योग वाणिज्य संघका अध्यक्ष विकास कुमार सारडाको अध्यक्षतामा भएको उक्त समापन समारोहमा प्रदेशसभा सदस्य ललिता दास बिद्रोही, जिल्ला समन्वय समितिका सभापति दिनेश महतो, लहान नगरपालिकाका नगरप्रमुख महेश प्रसाद चौधरी, उपप्रमुख राम चलित्र महतो, उद्योगपति पशुपति मुरारका सहितका बक्ताहरुले सम्बोधन गरेका थिए ।

चैत्र ३० गते शुरु भएको महोत्सव सोमबार सप्पन्न भएको हो । महोत्सवमा नेपाल, बंगलादेश, भारतका १६० व्यापारिक प्रतिष्ठान सहभागी भएको आयोजकले जनाएको छ ।

लहान एक्सपोमा सहभागी हुनु अघि मुख्यमन्त्री यादव प्रदेश सरकारको लगानी जारी बलान नदी नियन्त्रण कार्यको स्थलगत निरिक्षण समेत गरेका थिए ।

## रामकुमार शर्मासहित सयौं जसपा प्रवेश

महोत्तरी । नेकपा (माओवादी केन्द्र) परित्याग गरेका संविधान सभा सदस्य राम कुमार शर्मा जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।

जलेश्वरमा आयोजित बृहत् पार्टी प्रवेश कार्यक्रममा शर्मालाई जसपा अध्यक्ष उपेन्द्र यादवले स्वागत गरेका छन् ।

शर्मासँगै नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस, नेकपा एमाले, लोसपा र जनमत पार्टीका सयौ नेता कार्यकर्ता जसपामा प्रवेश गरेका हुन् । नव प्रवेशीहरुलाई राष्ट्रिय अध्यक्ष यादवले गम्छा ओढाई पार्टीमा स्वागत गरेका थिए ।

नवप्रवेशीहरुमा माओवादीका केन्द्रीय सदस्य एवं प्रतिनिधि सभाका पूर्वसदस्य ईन्दु शर्मा, नेपाली काँग्रेस महासमिति सदस्य सुरेन्द्र चौधरी, एमाले नेतृ महोत्तरी गापा उपाध्यक्ष प्रत्याशी प्रमीला चौधरी, लोसपाका नेता एवं तत्कालीन राजपा युवाका केन्द्रीय अध्यक्ष रोशन सिंह राणा, तत्कालीन फोरमका युसुफ



साफी, पुष्पज राज चमन, जनमतका नेता डा. सरोज ठाकुर सहितका रहेका छन् ।

तत्कालीन मधेशी जनाधिकार फोरम नेपालका महासचिव समेत रहिसकेका शर्मा र जसपा अध्यक्ष यादव बिच १५ बर्ष पछि पुनर्मिलन भएको हो ।

जसपा प्रवेशपछि संचारकर्मीहरुसँग कुरा गर्दै शर्माले १५ वर्ष पछिको पुनर्मिलनले मधेशमा पुनः नयाँ अध्याय शुरु हुने दावी गरे । उनले पार्टीले दिने जिम्मेवारी अनुसार आफू पुरानै जोश जागरका साथ संगठन निर्माणमा जुट्दै मधेश आन्दोलनका पुराना नेताहरुलाई पुनः एकताबद्ध गर्ने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला अध्यक्ष राम प्रकाश यादवको अध्यक्षतामा जारी पार्टी प्रवेश कार्यक्रममा राजनीतिक समिति सदस्य हरिनारायण यादव, डा सुरेन्द्र यादव, प्रदेश अध्यक्ष बाल किशोर यादव, प्रदेश सरकारका मन्त्री सुरिता साह सहितका केन्द्रीय सदस्य, प्रदेश सदस्य लगायतको सहभागिता रहेको थियो ।

## जर्मनीको फ्रयान्कफर्टमा रन्जु यादवको एकल चित्रकला प्रर्दशनी

काठमाडौं । मिथिला चित्रकार रन्जु यादवको एकल चित्रकला प्रदर्शनी जर्मनीको फ्रयान्कफर्ट सहरमा शनिबार सम्पन्न भएको छ । आफ्नो बहुदेशीय एकल चित्रकला प्रदर्शनीका लागि राष्ट्रिय ललितकला पुरस्कार विजेता यादव अहिले ३३ दिवसीय युरोप कला यात्रामा हुनुहुन्छ । उहाँले युरोपका जम्मा चार वटा देशको भ्रमण गर्नु हुनेछ भने तीन देशमा एकल चित्रकला प्रदर्शनी गर्ने कार्यक्रम छ ।

नेपाली समाज जर्मनीले फ्र्यान्कफर्टमा आयोजित नेपाल डेको अवसरमा एकल चित्रकला प्रदर्शनी आयोजना गर्न चित्रकार यादवलाई नेपालबाट आमन्त्रण गरेको थियो । नेपाली समाजले प्रत्येक वर्ष अप्रिल २० तारिखमा नेपाल डे मनाउँदै आएको छ । त्यस अवसरमा रन्जु यादवका २४ वटा चित्रहरु प्रदर्शनीमा राखिएको थियो । कार्यक्रममा चित्रकार यादवले नेपालमा मिथिला कलाको विकास, आफ्नो कला यात्रा र समाज रुपान्तरणमा आफ्ना चित्रहरुको प्रभावबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । जर्मनीका लागि नेपाली राजदूत रामकाजी



खड्काले चित्रकार यादवको चित्रकला प्रदर्शनीले नेपाली कला संस्कृतिको जर्मनीमा प्रवर्द्धन हुने र यसले फ्र्यान्कफर्टजस्तो अन्तर्राष्ट्रिय सहरमा नेपालको सांस्कृतिक कुटनीतिमा सघाउ पुग्ने विचार व्यक्त गर्नुभयो । राजदूत खड्काले जर्मनीमा मिथिला चित्रकला प्रदर्शनी आयोजना गर्न भूमिका खेलेको नेपाली समाज र चित्रकार यादवमाथि आफूलाई गर्व लागेको बताउनुभयो ।

नेपाली समाजका अध्यक्ष शिव अधिकारीका अनुसार जर्मनीका विभिन्न सहरबाट आएका करिब दुई सय पचास जना नेपाली र जर्मन नागरिकहरु कार्यक्रममा सहभागी थिए भने उनीहरुले चित्रकार यादवको एकल चित्रकला प्रदर्शनीलाई गम्भीरतापूर्वक अवलोकन गरेका थिए ।

अध्यक्ष अधिकारीले नेपाली समाजले फ्रयान्कफर्टमा नेपाल डे आयोजना गरेर नेपालबारे जर्मनीमा प्रचारप्रसार गर्नुका साथै दुई देशका नागरिकहरुलाई जोड्ने काम गरेको बताउनुभयो ।

त्यस अवसरमा उहाँले राजदूत खड्का, चित्रकार यादव, फ्रयान्कफर्ट सहरको मेयर कार्यालयका प्रमुखलगायतका विशिष्ट व्यक्तिहरुलाई उहाँहरुको गरिमामय उपस्थितिका लागि धन्यवाद दिनुभयो ।




## सम्पादकीय

# मधेशमा जल संकट गहिरिंदै

मधेशमा केही वर्षदेखि देखिएको विकराल जल संकटको अल्पकालीन (short term) समाधानतर्फ पर्याप्त ध्यान पुगेको छैन । मधेशमा दिनप्रति दिन जल संकट गहिरिँदै आएको छ । चूरे र जलाधार संरक्षण, वन क्षेत्र बढाउने, ढलाने विकासको बिकल्प खोज्नु पर्छ । तर व्यवहारिक रूपले यसमा धेरै समय लाग्छ । गाउँ-गाउँमा अहिले खानेपानी लगायत अत्यावश्यक कामको लागि पनि पानी छैन । कृषि कर्मको लागि पानी छैन, निर्माण कार्य ठप्प छ वा गुणस्तरहीन काम भइरहेको छ । केही क्षेत्रमा यसले प्राकृतिक प्रकोपकै स्थिति पैदा गरेको छ । मधेशको भूमिगत पानीका बारेमा त झन् यति विघ्न अन्योल छ कि सिंचाइका लागि हुनेगरेको भूमिगत स्रोतको अत्यधिक दोहनले घटेको हुनसक्ने भूमिगत स्रोतलाई समेत चुरेको वन विनाशले गर्दा भएको हो भन्ने वातावरणविदहरूको बुझाइ प्रचारित छ । मधेशको भूमिगत पानी धेरै मुनि धसिनुको कारणबारे सरोकारवाला निकाय वा राजनीतिकबीच बहसको विषय बन्न सकेको छ । मधेशको भूमिगत पानी गंगाको मैदानमा भएको विशाल भूमिगत भण्डारकै एक भाग हो । तसर्थ दोहनले प्रत्यक्ष प्रभाव पारिरहेको छ । हाल देखिएको भूमिगत स्रोत घट्ने क्रम अझै बढ्न सक्छ, किनभने गंगाको विशाल मैदानको उत्तरी शिरको रूपमा रहेकोले जुन दरमा पानी दोहन हुन्छ, हाम्रो पानी त्यही अनुपातमा वा अझ घट्न सक्छ, त्योभन्दा द्रुतगतिमा घट्न सक्छ । पानी घट्ने क्रम रोक्न भइरहेको दोहनमा कमी हुनुपर्छ । जहाँसम्म पुनर्भरण (रिचार्ज) को प्रश्न छ । भूमिगत जलस्रोतको पुनर्भरण गर्ने भनेको भावरक्षेत्रले हो । भावरको विशिष्ट भौगर्भिक संरचना र सो क्षेत्र छिचोल्दै बग्ने ठूला नदीहरूको अवस्थामा मानवीय क्रियाकलापले हतपत फरक हुने हैन । शहरीकरण र औद्योगिकीकरणको वृद्धि तथा कृषि कार्यले विद्यमान पानी अभावलाई जटिल बनाइरहेको छ । कृषिले मात्र विश्वको पानी आपूर्तिको ७० प्रतिशत प्रयोग गरिरहेको अनुसन्धानकर्ता रिचार्ड कोनर बताउँछन् । मध्य अफ्रिका, पूर्वी एसिया र दक्षिण अमेरिकाका केही भागसहित हाल पानीको प्रचुर मात्रा रहेका क्षेत्रमा पनि मौसमी पानीको अभाव बढ्ने प्रतिवेदनले देखाएको छ । यसैबीच, मध्य पूर्व र अफ्रिकाको साहेल क्षेत्रमा जल संकट झन्-झन् बढ्नेछ जहाँ पहिल्यैबाट पानीको अभाव छ । जलवायु परिवर्तनको असरका कारण बारम्बार चरम र लामो खडेरीको सामना विश्वले गरिरहेको छ । जलवायु संकट गम्भीर बनिरहँदा यसले पारिस्थितिक प्रणालीमा पनि दबाब दिइरहेको छ, जसले वनस्पति र जनावरका प्रजातिका लागि डरलाग्दा परिणाम निम्त्याएको राष्ट्रसंघले जनाएको छ । जल संकट टार्न र पानीको विषयमा हुने द्वन्द्वबाट बच्न विश्वभरका देशले अन्तर्राष्ट्रिय सहयोग र सहकार्य गर्न जरुरी रहेको प्रतिवेदनमा जनाइएको छ । तसर्थ, मधेशमा दिनप्रति गहिरिँदै गएको जल संकट समाधान गर्न वृक्षरोपण आवश्यक छ ।

# गृहिणी जो व्यवसायी बनिन्...

**विगत दुई वर्षको अन्तरालमा मटिहानीको तिनवटै वडाका सयौ जोखिमा रहेका समुदाय, घरधुरी र व्यक्तिहरुलाई उनले रुचाएका विषयको तालिम प्रदान गरि उनीहरुलाई दक्ष बनाउदै केहि बिउ पुँजी समेत प्रदान गरेर सोहि तालिम लिएको कार्यमा उनीहरु लागेर आयआर्जन गर्न सक्नु आफ्नो कार्यकमको ठुलो उपलब्धी रहेको युएसएआइडी लोकल वर्कस महोत्तरी परियोजनाका कार्यकम व्यवस्थापक राजेश राई बताउँछन् ।**



**रञ्जन भण्डारी**

महोत्तरी । मटिहानी नगरपालिका ७ घर भएकि रागनी ठाकुरका श्रीमान उमेश ठाकुरले मटिहानी बजारमै कपाल काट्ने सैलुन खोलेका छन् । आमाबुवा, श्रीमति र तिन सन्तानको भरण पोषण उमेशले सोहि सैलुनको कमाईले गर्दै आएका छन् । तर सैलुनको कमाईले घरको सवै व्यवहार मिलाउन भने सहज छैन । श्रीमानले एक्लै घर व्यवहार चलाउनु परेको असहजतालाई सहज बनाउन रागनीले आफुले समेत अर्थ उपार्जन गर्नु पर्ने भन्दै युएसएआईडी लोकल वर्कस परियोजना महोत्तरी अन्तर्गत प्रकोप व्यवस्थापन अध्ययन केन्द्र मटिहानीले संचालन गरेको अगरबत्ति बनाउने तालिम लिइन् । तालिम पश्चात रागनी अगरबत्ति बनाउन पोख्त भैसकिन् र आफुले बनाएको अगरबत्ति बेच्न पनि सुरु गरिसकिन् । अगरबत्ति लिन अहिले छिमेकीहरु उनको घरमै आइपुग्छन् । हातले नै बनाउदा समय धेरै लाग्ने भएकोले उनले अपेक्षाकृत आर्जन गर्न सकेकि छैनन् तर पनि उनले बनाएको सवै अगरबत्ति सहजै बिक्ने गरेको बताउँछिन् । उनी अगरबत्ति बनाउने मेसिन उपलब्ध हुन सके घरमै हाल सिमित रहेको अगरबत्तिको व्यापारलाई बजारसम्म पुर्‍याउन सक्ने बताइन् ।

यता मटिहानी ७ कै मरनी देवी सहनीको घरको आर्थिक अवस्था पनि रागनी भन्दा राम्रो छैन । उनलाई समेत श्रीमानले नै आर्जन गरेको पैसाले घरव्यवहार मिलाउनु पर्दा समस्या थियो । तर सोहि संस्थाले संचालन गरेको चुडी बनाउने तालिम पछि उनी घरमै विभिन्न कलात्मक चुडी बनाउन पोख्त भएकि छिन् ।

रागनी र मरनी देवी दुवैले तालिम पश्चात संस्थाबाट बिउ पुँजीको रुपमा १५ हजारको दरले रकम समेत पाएकि थिइन् । सोहि पैसाले दुवैजनाले अगरबत्ति र चुडी बनाउन आवश्यक सामग्री खरिद गरि आफ्नो व्यवसाय बढाउन लागिपरेकी छन् । उनीहरु घरमा आर्थिक रुपले थोरै रकम आर्जन हुन थालेपछि यसलाई निरन्तरता दिने बताउछिन । घरेलु उद्योग जस्तो चलाएर घरको आर्थिक अवस्था सुधार गर्न सकिए व्यवसायलाई निरन्तरता दिनु नै उपयुक्त हुने उनीहरुको भनाई छ ।

रागनी भन्छिन, 'सैलुनमा उहाको आम्दानी तोकिएको हुदैन । कुनै दिन ग्राहक भए राम्रै पैसा हुन्छ भने कुनै दिन रित्तो हात फर्कनु हुन्छ । अहिले मैले बेचेको अगरबत्तिले भने घरमा रासनपानी चलाउन सहज भएको छ । उहा पनि मैले काम गरेको देख्दा खुशी हुनु भएको छ ।'

यता मरनी देवीलाई उनको जेठी छोरीले समेत काममा सहयोग गर्न थालेकी छिन् । पैसाकै कारण पढाई निरन्तरता दिन समस्या भएकोमा आमासंगै काम गर्दा आफ्नो अध्ययनमा केहि सहज हुने भन्दै आमालाई चुडी बनाउन उनी सघाउन थालेकी हुन् । घरमै समेत ग्राहक आउने र बजारमै समेत चुडी बिकी गर्ने गरेको मरनीको भनाई छ । उनी थप्छिन,' पुँजी अझै भए व्यापारलाई अरु बढाउन सकिने भएपनि तत्काल जे छ त्यसमै राम्रो गर्ने प्रयास गर्दैछु । आशा छ मेरो पनि योगदानले घरको आर्थिक अवस्था सुध्रदै जानेछ ।



यि दुई उदाहरणिय पात्र मात्र हुन । मटिहानी नगरपालिकाको वडा नं. १,७ र ९ का ३२७ जना महिला र पुरुषले विगत दुई वर्षको अवधीमा प्रकोप व्यवस्थापन अध्ययन केन्द्रको सहयोगमा बगर खेती तालिम,कुखुरा पालन तालिम, करेसावारी तालिम, च्याउ खेती, नर्सरी खेती, खनिज ढिक्का बनाउने तालिम, मोटरसाईकल मर्मत तालिम, इलेक्ट्रिसियन तालिम, तयारी खाना बनाउने तालिम, बाँसको सामग्री तथा अगरबत्ति बनाउने तालिम, मास्क बनाउने तालिम मोबाईल मर्मत तालिम र लाहचुरा बनाउने तालिम प्राप्त गरिसकेका छन् भने सोहि मध्ये अधिकांशले ६ हजार र १५ हजारको दरले बिउ पुँजी समेत पाई व्यवसाय सुरु गरिसकेका छन् । तालिम लिएका अधिकांश तालिम लिएकै व्यवसाय गरेर आर्थिक आर्जन गर्दै आएका छन् ।

पालिका व्यावसायिक रुपमा सवल हुँदैछ : हरि प्रसाद मण्डल, नगरप्रमुख मटिहानी

यता मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले पालिका भित्रका विभिन्न गृहिनीहरु र वेरोजगार युवाहरु तालिम पछि दक्ष भई व्यवसायमा लाग्नु पालिकाको लागि सुखद पक्ष रहेको बताउँछन् । उनी पालिकाले समेत नियमित रुपमा विभिन्न दक्षता अभिवृद्धि लगायतका कार्यक्रमहरु संचालन गरिरहेको बताउदै संघ संस्थाहरुबाट समेत यसमा थप मद्दत पुगेपछि पालिकामा दक्ष जनशक्ति उत्पादनमा वृद्धि भएको बताउँछन् । मटिहानी नगरपालिका व्यावसायिक दृष्टिकोणले समेत सम्भावना बोकेको पालिका भएकोले दक्ष जनशक्तिले पालिकाको विकासमा थप बल पुग्ने उनको भनाई छ । गृहिणीका साथै रोजगारी नभएका युवा युवतीहरु दक्ष भए उनले परिवार चलाउन कसैको मुख ताक्नु पर्ने आवश्यक्ता नहुने नगरप्रमुख मण्डलको भनाई छ । उनले आफ्नो नागरिकहरुको आयआर्जनमा पालिकाको तर्फबाट हुन सक्ने हरसम्भव कार्यहरु गर्न पालिका पछाडी नपर्ने थपे ।

जोखिममा परेका परिवारलाई दक्ष बनाउन पाउदा सफल भएको अनुभुति भएको छ : राजेश राई, कार्यकम व्यवस्थापक

विगत दुई वर्षको अन्तरालमा मटिहानीको तिनवटै वडाका सयौ जोखिमा रहेका समुदाय, घरधुरी र व्यक्तिहरुलाई उनले रुचाएका विषयको तालिम प्रदान गरि उनीहरुलाई दक्ष बनाउदै केहि बिउ पुँजी समेत प्रदान गरेर सोहि तालिम लिएको कार्यमा उनीहरु लागेर आयआर्जन गर्न सक्नु आफ्नो कार्यकमको ठुलो उपलब्धी रहेको युएसएआइडी लोकल वर्कस महोत्तरी परियोजनाका कार्यकम व्यवस्थापक राजेश राई बताउँछन् । उनले अधिकांश स्थानमा तालिम पश्चात तालिम लिएकाहरुले सोहि काम नगर्ने र तालिम व्यर्थ जाने देखिएकोमा मटिहानीमा संचालन गरिएको विभिन्न तालिममा तालिम प्राप्त व्यक्तिहरुले त्यसलाई आफ्नो जिवन निर्वहण प्रयोगमा ल्याउन सकेको र गृहिनी तथा वेरोजगारीको अवस्थाबाट रोजगारीको अवस्थामा पुगेकोमा खुशी लागेको बताउँछन् ।

उनले दक्षताका साथै संस्थाले ३३ महिला स्वयम सेविका र २७ आमा समुहलाई सरसफाई र महिनावारी सम्बन्धी तालिम प्रदान गरिसकेको छ भने जोखिम न्युनिकरण कार्यशाला दिगो तथा न्युनतम खर्च प्रविधीबारे कृषिमा आधारित किसानका लागि क्षमता अभिवृद्धि तालिम समेत प्रदान गरेको बताए । यता विपद जोखिम न्युनिकिरणको लागि विभिन्न कार्यशाला र अभिमुखिकरण तालिमको माध्यमले समुदायमा जनचेतना फैलाउने कार्य समेत भएको उनले थपे ।



# समृद्धि र विकासले मात्रै हुँदैन, मान्छेलाई पहिचान अनिवार्य हुन्छ

**० डकेन्द्रजी, तपाईं त शिक्षण पेशामा लागिरहेको मान्छे, अचानक राजनीतिमा र उम्मेदवार नै बनेर आउनुभयो नि ?**

– मेरो लामो समयसम्म शिक्षण पेशा हो । शिक्षण पेशा गर्दागर्दै स्रोतव्यक्तिका रूपमा पनि रहें । र, म २०७२ सालमा अनिवार्य अवकाश लिइसकेपछि धार्मिक संघ-संस्थामा काम गर्दै आएँ । अहिले आएर कस्तो हुँदोरहेछ त राजनीति त्यसमा पनि यसो अभ्यास गरौं, बुझौं भन्ने हिसाबमा, जनताको सेवा राजनीतिक क्षेत्रबाट पनि गरौं भन्ने हिसाबमा आएको हुँ ।

**० तपाईंको अहिले कुनै पार्टीगत निकटता छैन ?**

– छैन । चुनावमा मेरो चिह्न पनि मुढा परेको छ । यो मेरो सौभाग्य रहेछ । मुढा चिह्न प्राप्त गरिसकेपछि यसो इलाम बजारमा हेरेको हरेक दोकानहरूमा मुढा नै मुढा, एउटा पसलमा त यति धेरै मुढाको व्यापार रहेछ, चट्ट त्यहाँ फोटो खिचेर सञ्जालमा लगाएर मेरो इलाम बजारमा यति धेरै प्रचार भइराख्या छ । मुढा चिह्न प्राप्त गर्नेबित्तिकै एकदमै खुसी लाग्यो । हातले बुनेको मुढा, स्वतन्त्र उम्मेदवार भन्दै आफूलाई प्रचार गर्दै आएँ । र, पहिचानको कुरा उठाइराखें ।

र, यो पहिचानको कुरा जनस्तरसम्म, सर्वसाधारणसम्म अलिकति पुऱ्याउन नसकिएको, पहिचानको परिभाषा पुऱ्याउन नसकिएको म आफैं पनि स्वीकार गर्छु । बौद्धिक जगतमा पहिचान के हो भन्ने राम्रोसँग बुझ्नुभएको छ ।

**० आममान्छेलाई पहिचान के हो ? यो कतै जातीय विषय हो कि ? अथवा के हो ? नश्लीय रूपमा पो विभाजन गर्ने हो कि ? भन्ने जुन खालको मनमा परेको छ्य उहाँहरूलाई के भन्नुहुन्छ ? कसरी आश्वस्त गर्नुहुन्छ ?**

– पहिचान भनेको जातीय भन्दा पनि सभ्यताभित्र पर्छ । हरेक जातजातिको सभ्यता । जस्तै क्षेत्रीको आफ्नै सभ्यता छ, बाहुनको आफ्नै सभ्यता छ, आफ्नै संस्कार, संस्कृति छ । आफ्नै किसिमको भेषभुषा, चालचलन छ । लिम्बू, राईहरूको आफ्नै किसिमको संस्कार, संस्कृति छ । मगर, गुरुङ, धिमालहरूको आफ्नै होला ! थारू, राजवंशीहरूको आफ्नै होला !

नेपाल भनेको यस्तो एउटा सुन्दर मुलुक, विविधताभित्र एकताको सूत्रमा रहेको विविध जातजाति, वर्ण, वर्ग, धर्म, संस्कृति, संस्कार र इतिहास भएको मुलुक हो । त्यो भएको हुनाले हरेकको वर्ण, वर्ग, धर्म, संस्कृति, संस्कार र इतिहास बच्नुपर्छ, बचाउनुपर्छ ।

र, हामीले पहिचानको कुरा उठाइरहँदा, एउटाको पहिचानको कुरा गर्दा, अर्काको पहिचानमा कुनै किसिमको असर गर्नुभन्दा त्यसलाई एकअर्काको बीचमा एकदमै राम्रो सहअस्तित्वको भावना ल्याउनुपर्छ । जस्तो हामीले लिम्बूको पालम, ख्याली, च्याब्रुङ हाम्रो एउटा पहिचान हो ।

क्षेत्री बाहुनको पनि बालन, संगिनीहरू बच्नुपर्छ । अहिले त बालन संगिनीहरू हराइराखेको छ नि ! म क्षेत्री-बाहुन समुदायका साथीहरूलाई भन्छु, यो बचाउनुपर्छ । तपाईंहरूको सभ्यता, संस्कृति, पुर्खाले सुरुआत गरेको हो भन्ने म मान्छु ।

**० अरू उम्मेदवार हाम्रो देश अरू जति समृद्ध हुन सकेन, त्यसैले सन् २०४० मा लक्ष्य तोकेरै अघि बढ्नुपर्छ, अहिल्यै दोहोरो अंकको आर्थिक वृद्धि हुनुपर्छ भन्दैछन् । तपाईंचाहिं पहिचान भनिराख्नुभएको छ, हाम्रो पुरानो प्राचीन सभ्यता यस्तो हो, हाम्रो परम्परामा यो कुरा थियो । पुर्खाले यस्तो भनेको थियो भनेर भनिराख्नुभएको छ नि ?**

– पहिचान भनेर पहिचानको मात्रै कुरा होइन, पहिचान सहितको संघीयता हो । हाम्रो त पहिचान र अधिकार सहितको संघीयता हो । सँगसँगै दिगो शान्ति, विकास र समृद्धि पनि नारा छ । त्यसो हुनाले यहाँ पहिचान मात्रै भएर पनि हुँदैन ।

**० तपाईंले विकास र समृद्धि छोड्नुभएको छैन ?**

– छोडेको छैन । पहिचान पनि हुनुपऱ्यो । पहिचान मान्छेले प्राप्त गरिसकेपछि एकअर्कामा सहअस्तित्वको भावना हुन्छ । त्यसो हुँदा दिगो शान्ति हुन्छ । शान्ति विना विकास र समृद्धि सम्भव छैन । यसो हुनाले पहिचान, दिगो शान्ति, विकास र समृद्धि भनेको एकै सिक्काका दुई पाटा हुन् भन्ने मलाई लाग्छ । यिनीहरू सँगसँगै गएनन् भने अर्थ हुँदैन । मान्छे, कुनै पनि व्यक्ति, नागरिकको पहिचान अनिवार्य हुन्छ । उसलाई समृद्धि र विकासले मात्रै हुँदैन । संसारमा त्यस्तो छन्, जसको पहिचान छैन, समृद्धि छ, विकास छ । तर, त्यसको अर्थ रहँदैन । यो पहिचान भनेको हिजो पुर्खाको सभ्यताले आर्जेको एउटा सम्पत्ति हो ।

**० प्रदेश नामांकन अघि राई र लिम्बूकै कुरो मिलेन । अहिले चुनावमा चाहिं मिलेको हो ?**

– फागुन १७ गते एकल पहिचानको आधारमा कोशी नामकरण भयो । त्यसपछि हामीलाई त्यसले झस्कायो । कोशीले सबै प्रदेश नं. १ मा बसोबास गर्ने नागरिकहरूको पहिचानलाई त्यसले समेट्न सकेन । त्यसो हुनाले पहिचानवादीहरू एक हुनुपर्ने बाध्यता पनि भयो । केही थियो, केही तल-माथि राई-लिम्बूमा हुन सक्छ । तर, पहिचान हुनुपर्छ भन्ने कुरामा त एकमत नै हो ।

**० पहिचानको नाराले शंका पनि जन्मायो । कसरी एक अर्को समुदायलाई आश्वस्त पार्ने ?**

– हामीले अलिकति यसलाई प्रचुर मात्रामा शिक्षा दिन सकेनौं, त्यो कुरा म स्वीकार्छु । पहिचान के हो ? किन पहिचानको कुरा उठेको छ ? उठाउनुपर्छ, भन्ने विषयचाहिं अलिकति समय-समयमा प्रशिक्षण कार्यक्रम, जनचेतनामूलक कार्यक्रम गरिराख्नुपर्छ । यो कार्यक्रम गऱ्यौं भने पक्कै पनि एकअर्कामा सद्भाव, बन्धुत्व, सहकार्य हुन सक्छ ।

**० तपाईंले ...पार्टीचाहिं खोलूँ, पार्टीबाट यो कुरालाई शक्तिशाली बनाएर लैजाऊँ... भन्ने ठान्नुभएन ?**

– अहिले पार्टी नै खोल्नुपर्छ भन्नेचाहिं सोचिहालेको छैन । तर, यो पोलिटिकल्ली मुद्दाको रूपमा उठिसकेको हुँदा कुनै पनि दिन पार्टीमा रूपान्तरण हुन सक्छ ।

**० यहाँ त पहिलेदेखि जितिराखेको नेकपा एमाले छ, त्यस्तै बलियो कांग्रेस छ । अहिले आएका अरू नयाँ पार्टी पनि छन् । त्यस्तो पार्टीका संगठन छन्, कार्यकर्ता छन् नि ? को हो तपाईंको चुनौती ?**

– मुख्य चुनौतीको रूपमा खासगरी अहिले चुनावी अभियान गर्दै जाने क्रममा दुईवटा पार्टीहरूचाहिं बराबर हामी छौं जस्तो मलाई लाग्छ । प्रतिस्पर्धाको रूपमा आएको हामी देख्छौं, कुनै ठाउँमा नयाँ पार्टी रास्वपालाई पनि लिन सकिन्छ जस्तो छ ।

मूल रूपमा अहिले हेर्दा नेकपा एमाले र नेपाली कांग्रेस नै मुख्य प्रतिस्पर्धीको रूपमा देखिन्छ । तर, अहिले त्यसमा पनि सकेसम्म यसलाई परीक्षण गर्दा उहाँहरूभन्दा हामी केही अघि छौं कि भन्ने हामीलाई लागेको छ ।

**० तपाईंहरूको मत बढी छ कि भन्ने ठान्नुभएको छ । भनेपछि कांग्रेस, एमालेलाई तपाईं उस्तैउस्तै राख्नुभा...छ ?**

– मेरो नारा नै के हो भन्दाखेरि स्वतन्त्र साझा उम्मेदवार । म स्वतन्त्र पनि हुँ । सुरुमा हामी ४१ भोट थियौं, पहिचानको आन्दोलन गरिरहँदा । पछि त्यसमा अरू पार्टीहरू पनि थपिनुभयो। स्वतन्त्र बौद्धिक व्यक्तित्वहरू, स्वतन्त्र नागरिकहरू जस्तो स्वागत नेपाल, पुण्य गौतमजीहरू लगायत प्राध्यापक, डाक्टर, सुरेन्द्र केसीज्यूहरू पनि अहिले हाम्रो पक्षमा समर्थन गरिराख्नुभएको छ । त्यसै गरेर नेसपाका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूले पनि विज्ञप्ति निकालेर साझा उम्मेदवार डकेन्द्र सिंहलाई जिताउनुपर्छ, अब पुराना पार्टी जसले लामो समयदेखि नेपालमा सत्तारोहण गरेका छन्, तिनीहरूबाट अब विकास, समृद्धि र शान्तिको सम्भव छैन भनेर उहाँले औपचारिक रूपमा बताइसक्नुभा'छ ।

र, अर्को कुरा, स्वतन्त्र प्रतिनिधिहरू, स्थानीय जनप्रतिनिधिहरू हर्क साम्पाङजी, गोपी हमालजीहरूको पनि मप्रति समर्थन छ । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह मप्रति सहानुभूति राख्नुहुन्छ ।



**डकेन्द्रसिंह थेगिम**

**इलाम–२ को उपचुनावमा स्वतन्त्र उम्मेदवार**

**० इलाम-२ मा लारुम्बा र गुरु आत्मानन्दको झुकावले पनि काम गर्छ भनिन्छ । तपाईं त त्यहीं काम गरिआएको व्यक्ति । उम्मेदवार भएपछि कस्तो प्रतिक्रिया पाउनुभयो ?**

– गुरु त सबैको साझा हो । गुरु भनेको कुनै एउटा पार्टी, कुनै एउटा जातिको हुनुहुँदैन । उहाँ त विश्व मानव जातिकै लागि, विश्व शान्ति र मानव कल्याण नै गुरुको एउटा नारा छ । यसले गर्दा सबै पार्टीका मान्छेहरू आउनुहुन्छ । अहिलेसम्म नेपालका प्रधानमन्त्री, राष्ट्रपति जो-जो हुनुभा'छ सबै त्यहाँ पुग्नुभा'छ ।

चुनावी अभियानमा सबै त्यहाँ पुग्नुहुन्छ, यो स्वाभाविक कुरा हो । त्यसलाई हामीले अन्यथा ठान्नुहुँदैन । गुरु कृपा त कस्तो, कसरी हुन्छ भन्ने गुरुकै विचारको कुरा हो । र, अलिकति त्यहाँका जनताको कुरा पनि हुन्छ । अहिलेचाहिं स्वयं त्यो ठाउँदेखि, आफैं त्यो भूगोलको मान्छे, गुरुको छत्रछायाँमा २० वर्षसम्म गुरुको संस्थामा काम गरिरहेको र अहिले संस्थालाई अलिकति पर्तिर सारेर स्वतन्त्र उम्मेदवारको हैसियतमा पक्कै पनि त्यहाँको जनता र गुरुले मप्रति सहानुभूति राख्नुहुन्छ भन्ने मलाई विश्वास छ ।

**० तपाईंको अरू प्रतिबद्धताहरू के-के छन् ?**

– मेरो प्रतिबद्धताचाहिं अहिले खास गरेर मुलुकमा दिगो शान्ति हुनुपर्छ । यो संघीयता पहिचानको आधारमा, जसरी अभ्यास भएको छ, त्यसरी लागू हुनुपर्छ र सबै नागरिकहरूले त्यो प्रदेशमा बस्ने, त्यो भूगोलमा बस्नेहरूले अपनत्व ग्रहण गर्न सक्नुपर्छ ।

विशेष गरेर मुलुकमा व्याप्त भ्रष्टाचार जुन छ, अनियमितता छ, घुसखोरी छ यस्ता कुरालाई हामीले निर्मूल गऱ्यौं भने पनि मुलुकमा समृद्धि आउन सक्छ । युवाहरू अहिले दैनिक ७०० देखि ८०० सम्म विदेशमा पठाउँछौं । यो अत्यन्तै खराब हो । जबकि युवा नै देश निर्माणका अचूक शक्ति हुन् । युवा जसले राष्ट्र निर्माण गर्छन्, मुलुक बनाउँछन्, त्यस्तालाई पठाउने ? अनि वृद्धभत्ता खाएर बस्नेहरूले देश निर्माण गर्न त सक्दैनन् । त्यसले गर्दा युवा रोजगार, स्वरोजगारका लागि अवधारणाहरू आउनुपर्छ । मुलुकमा उद्योगधन्दाहरूको विकास गर्नुपर्छ भन्ने कुराहरू मैले राखेको छु । यी कुरा संघीय प्रतिनिधि सभामा उठाउँछु ।

र, यो इलामेली जनताका लागि विशेष गरेर मलाई निर्वाचित गरेर पठाइयो भने एउटा एक्सपर्टिज्को टोली बनाउँछु । इलाममा के-के समस्या छ, के गर्दा इलामेली जनताहरूको सुख-दुःखसँग अघि बढ्न सकिन्छ भन्ने सम्भाव्यताको पहिचान गर्ने र त्यसलाई नीति कार्यक्रम मार्फत अगाडि बढ्ने । अर्को कुरा, इलामको चिया । इलामको ५ अ, इलामको उत्पादित कृषिजन्य उत्पादनहरू जुन छ तिनीहरूलाई राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरसम्म सबैको पहुँच पुऱ्याउने गरी काम गर्नुपर्छ । कृषिबाट उत्पादित वस्तुहरू बिचौलियाका हातमा नपर्ने गरी सोझै कृषकले नाफा खान सक्ने गरी, उनीहरूले मूल्य पाउन सक्ने गरी नीति ल्याउनुपर्छ । यहाँ त के छ भने, कृषकले अलैंची उत्पादन गर्छ, त्यो उत्पादन गर्ने कृषकभन्दा पनि बिचौलियाले बढी नाफा कमाइराखेको हुन्छ ।

त्यस्तो बेला सरकारले ग्यारेन्टी गर्न सक्नुपर्छ । कृषकले उत्पादन गरेको वस्तु बिक्री भएन भने सरकारले हेर्नुपर्छ । त्यसले मात्रै उत्पादन पनि वृद्धि र कृषकमा पनि समृद्धि आउँछ ।

**० जितिन्छ ? ढुक्कै हुनुहुन्छ ?**

– म त एकदमै ढुक्क छु । हन्ड्रेड पर्सेन्ट मैले जितिसकें भन्ने लागेको छ । -अनलाइनखबरबाट

# उप-निर्वाचनको सुरक्षा व्यवस्थापन तयारी पूरा : केन्द्रीय प्रहरी प्रवक्ता ढकाल



काठमाडौं । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकालले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उप-निर्वाचन २०८१ सुरक्षित, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षा व्यवस्थापन तयारी पूरा भएको बताएका छन् ।

प्रतिनिधिसभा इलाम क्षेत्र नम्बर २ र बझाङ प्रदेशसभा १ मा हुन गइरहेको उप-निर्वाचनमा सुरक्षा तयारी सम्बन्धी जानकारी दिन नेपाल प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रहरी नायव महानिरीक्षक ढकालले उक्त कुरा बताएका हुन् ।

प्रहरी नायव महानिरीक्षक ढकालले नेपाल प्रहरीले मतदानस्थलदेखि मतगणनास्थलसम्म भरपर्दो एवम् मजबुद सुरक्षा व्यवस्था मिलाउने, उपलब्ध श्रोत साधन, जनशक्तिको अधिकतम परिचालन र थप श्रोत, साधन, जनशक्तिको व्यवस्था गर्ने, निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात गरी तीन चरणको सुरक्षा योजना बनाइ लागू गरिएको जानकारी दिए ।

शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचनमा भाग लिने अवसर प्रदान गर्ने र निर्वाचन कार्यमा खटिने सम्पूर्ण कर्मचारीहरूको सुरक्षा प्रदान गर्ने चर्चा गर्दै उनले भने, "स्थानीयस्तरदेखि केन्द्रसम्म निरन्तर समन्वय, अनुगमन र सुपरिवेक्षण गरी समग्रमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उप-निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गर्न सक्रिय पहल गरिने छ ।"

प्रहरी नायव महानिरीक्षक ढकालले मतपेटिकाको सुरक्षित संकलन तथा भण्डारण गर्ने र सुरक्षित र स्वतन्त्र रूपले मतगणना सम्पन्न गराउने लगायतका सुरक्षाका समग्र काममा नेपाल प्रहरीले चुस्त रूपमा सुरक्षा व्यवस्थापन गरेको बताए ।

उप-निर्वाचनमा हुन सक्ने सम्भावित खतराहरूबारे उल्लेख गर्दै निर्वाचनपूर्व सुरक्षा व्यवस्था, निर्वाचन अवधिको सुरक्षा र निर्वाचन पश्चात सुरक्षा व्यवस्था मिलाइएको उनले बताए । सम्भावित प्रतिरोध कार्य नियन्त्रण गर्न अवलम्वन गर्ने रणनीति, मतदान केन्द्रमा बल प्रयोग गर्नुपर्ने विशेष परिस्थिति र सुरक्षा कारवाही सम्बन्धमा सबै निकायहरूसँगको सहयोगमा स्थितिलाई सकेसम्म सम्झाइ बुझाई वातावरण सामान्य बनाउने प्रयत्न गरिने उनले प्रष्ट पारे ।

प्रहरी नायव महानिरीक्षक ढकालले निर्वाचन व्यवस्थापन कार्यका लागि इलाम २ मा ७९ मतदानस्थल र १४९ केन्द्रमा गरी १ हजार ३ सय ६३ जना र बझाङमा ७४ मतदानस्थल र ९३ केन्द्रमा गरी १ हजार २४ जना प्रहरी जनशक्ति परिचालन गरिने उक्त अवसरमा बताए ।

मतदानस्थललाई सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा वर्गीकरण गरी सुरक्षा व्यवस्थापन मिलाइएको उनले जानकारी दिए । मतदान केन्द्रमा हिंसात्मक, ध्वंसात्मक र अवान्छित गतिविधि भई सुरक्षा निकायले बल प्रयोग गर्नुपर्ने स्थिति आइपरेमा प्रचलित कानुन बमोजिम सुरक्षा कारवाही गरिने उनले बताए ।

कार्यक्रममा संचारकर्मीहरूले राखेका विविध जिज्ञासा निरूपण गर्दै प्रहरी नायव महानिरीक्षक ढकालले सुरक्षा व्यवस्थापनलाई थप मजबुत बनाउन अन्य सुरक्षा निकायसँग समन्वय गरी काम गरिने बताए ।

प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयसमेतका युनिटलाई उप-निर्वाचन क्षेत्रमा परिचालन गरी थप जनशक्ति सहितको व्यवस्था गरेर शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न गराउन कुनै कसर बाँकी नराखिने उनले चर्चा गरेका थिए ।

## आजपाले इलाम-२ मा स्वतन्त्र उम्मेदवार लिम्बुलाई किन समर्थन गर्यो ?

काठमाडौं । आम जनता पार्टी ( आजपा)ले इलाम-२ मा आउँदो १५ बैशाखमा हुने उपनिर्वाचनमा स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बुलाई समर्थन गर्ने निर्णय गरेको छ ।

आजपा उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले एक विज्ञप्ति जारी गर्दै पहिचानवादीहरुको तर्फबाट साझा स्वतन्त्र उम्मेदवार रहेका लिम्बुले ८ वैशाखमा आजपालाई सहयोग र समर्थनको आग्रह गर्दै पत्राचार गरेको विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै उपनिर्वाचनमा आफ्नो पार्टीले पूर्ण साथ, सहयोग र समर्थन रहेको जानकारी गराएका छन् ।

'अहिलेको उपनिर्वाचन परिणामले संसदीय अंकगणितमा खासै फरक नपारे पनि राजनीतिक मुद्दाहरुको बहस र संघर्षमा विशेष प्रभाव राख्ने निश्चित छ । यसर्थ, यस विषयलाई गम्भीरतापूर्वक लिन आम मतदाताहरुलाई आग्रह गर्दछौं । अहिले ईलाम-२ मा संघीयता नचिन्ने र संघीयता चिनेको जस्तो ढोंग र नाटक गरेपनि पहिचानलाई स्वीकार नगर्ने तथा सार्थक संघीयतावादी बिचको लडाई छ' प्रवक्ता साहद्धारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

अहिलेको लुटकारी दलतन्त्र (दलीय शासन) र दलभित्रका केहि मुट्ठीभर भ्रष्ट, बेईमान एवं धोखेबाज नेताहरुको अपराधले गर्दा नै देश अहिले संकटग्रस्त अवस्थाबाट गुज्रीरहेको जनाउदै आजपाले यसबाट ठोस एवं दीर्घकालिक निकासका लागि आम नागरिकको सर्वोच्चता ( जनताको शासन) स्थापित गर्न गराउन महत्वपूर्ण भूमिका एवं योगदान गर्नसक्ने कुशल, कर्तव्यनिष्ठ, ईमानदार एवं प्रतिबद्ध नेतृत्वको छनौट गर्न आवश्यक रहेको जनाएको छ ।

## मधेश अपडेट

### मटिहानीमा बिपद प्रतिकार्य अभ्यास सम्पन्न

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिका वड़ा नं.- ७ मटिहानीस्थित लक्ष्मीसागर पोखरीमा जिल्ला विपद ब्यबस्थापन समिति महोत्तरीले बिपद प्रतिकार्य अभ्यास गरेको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीको आयोजनामा भएको सो प्रतिकार्य अभ्यासमा नेपाली सेनाको रणभीम गण परिकौली, सशस्त्र प्रहरी बल ९ नं. गण हे.क्वा. जलसागर, नेपाल प्रहरी, रेडक्रस सोसाइटी महोत्तरी, राष्ट्रिय सेवा दल सहभागी रहेका थिए । प्रतिकार्य अभ्यासमा सुधारिएको उद्धारको समानहरुको प्रदर्शनी र प्रयोग, नाव ड्रिल, नदी बचाव, नदी क्रॉस प्रदर्शनी र खोज तथा उद्दार लगायतका अभ्यासहरुको प्रदर्शनी गरिएको थियो । महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख सुमनलाल कर्णको प्रमुख आतिथ्यत्तामा सम्पन्न कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, एकडारा गाउँपालिकाका अध्यक्ष दिपनारायण मण्डल, रणभीम गण परिकौली ब्यारकका प्र.से. विशेष पौडेल, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्र.उ. नकुल पोखरेल, स.प्र.ब. नेपाल नं. ९ गण हे. क्वाटर महोत्तरीका स.प्र.उ. विनोद केसी, अनुसन्धान अधिकृत सुकित चौधरी, राजनीतिक दल नेपाली काँग्रेसका प्रतिनिधि बजरंग नेपाली, ने.क.पा. एस. का प्रतिनिधि सुरेन्द्र लाल कर्ण, सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने, वड़ा नं. ७ का वड़ा अध्यक्ष जितनारायण माझी लगायतका व्यक्तित्वहरु उपस्थित रहेका थिए ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

कैलाली । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी लम्की-चुहा नगरपालिका-३ ब्यबस्थितनगर बस्ने ५४ वर्षीय लालमनि तिमिल्सेनालाई प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत दिपायलको २०८० पुस २४ गतेको फैसलाले कर्तब्य ज्यान मुद्दामा १० वर्ष कैद र १ लाख रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला अदालत कैलालीमा बुझाईएको छ ।

### अवैध लागूऔषधसहित पक्राउ

बाँके । खजुरा गाउँपालिका-२ 'सि' गाउँ बस्ने २५ वर्षीय बिमल सिंह ठकुरीलाई अवैध लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । उनकै घरबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ करिब ३ ग्रामसहित बिहीबार बिहान प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी राधापुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको जनाइएको छ ।

### मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२५ मौजे सिर्सियास्थित सडकमा दुई मोटरसाइकल ठोक्किँदा एकजनाको मृत्यु भएको छ । ना.१८ प ९८१६ नम्बरको मोटरसाइकल र ना.३१ प ३८३५ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बिहीबार बिहान दुर्घटना हुँदा ना.३१ प ३८३५ नम्बरको मोटरसाइकल चालक सोही ठाउँ बस्ने २५ वर्षीय अर्जुन पटेलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पताल हुँदै हेल्थ केयर वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका ना.१८ प ९८१६ नम्बरको मोटरसाइकल चालक समेत ३ जनालाई नारायणी अस्पताल हुँदै थप उपचारको लागि एनएमसी वीरगंजतर्फ पठाइएको छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# मानव सेवा नै सर्वोत्तम सेवा हो, यसमा सबैले सहकार्य गरौं : मन्त्री चौधरी



काठमाडौं। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले मानव सेवा नै सर्वोत्तम सेवा भएको बताउनुभएको छ। नेपाल निजामती कर्मचारी संगठन अर्थ विभागीय कार्य समितिले आज नागार्जुन १ काठमाडौं स्थित मानव सेवा आश्रममा आयोजना सहयोग हस्तान्तरण तथा खाना खुवाउने कार्यक्रमलाई सम्बोधन गर्दै त्यस्तो बताउनुभएको हो ।

कोही नभएकाहरूको अभिभावक बनेर आश्रमले ठुलो मानवीय योगदान दिएको भन्दै उहाँले भन्नुभयो, 'मानव सेवा आश्रममा आश्रित रहनुभएका हाम्रा आदरणीय दाजुभाइ दिदीबहिनी आमाबुवा सबैमा कृतज्ञता व्यक्त गर्दछु। आश्रमका संस्थापक रामजी अधिकारीको संकल्पले यति धेरै व्यक्तिलाई सेवा दिने, आश्रय दिने, खुवाउने, संरक्षण दिने काम गर्नुभएको छ भने, तपाईं हामी सबैले सोचौं। हामीले पनि आफ्नो तर्फबाट गर्न सक्ने सेवामा योगदान गरौं ।'

एक जनाको संकल्पले कति धेरै बेसहारा, पीडित व्यक्तिहरूले सेवा पाइरहेको भन्दै मन्त्री चौधरीले एक दिनको खाना तथा अन्य सामग्री सहयोग गर्ने नेपाल निजामती कर्मचारी संगठनलाई समेत धन्यवाद ज्ञापन गर्नुभयो। 'आज नेपाल निजामती कर्मचारी संगठनका साथीहरू मिलेर यहाँहरूलाई एक दिनको भए पनि केही खाना जुटाइदिऊँ भन्ने धारणाले व्यवस्थापन गर्नुभएको छ। त्यसका लागि निजामती कर्मचारी संगठनको अर्थ विभागका साथीहरूलाई धन्यवाद दिन चाहन्छु', उहाँले भन्नुभयो, 'मानव सेवा आश्रमका देशभर गरी २३ वटा शाखामा १ हजार ६ सय ६७ जनालाई सेवा प्रदान गरिएको छ। देशभरका विभिन्न ठाउँमा यस्ता शाखा स्थापना गरी तपाईंहरूले गरिरहनुभएको कार्य निकै ठुलो मानव धर्म, मानव उपकारको कार्य हो ।'

नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मानवीय सेवाका निम्ति सडक मानव मुक्त अभियानको थालनी गरेको स्मरण गर्दै उहाँले भन्नुभयो, 'हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले सडक मानव मुक्त गर्नुपर्छ भन्ने कुरा उहाँले ल्याउनुभएको थियो। यो चिजमा पनि यहाँहरूले पनि धेरै सहकार्य गर्ने गरी यो जुन काम गर्नुभएको छ। त्यसका लागि यसका संस्थापक सहित सम्पूर्ण टिमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।'

आफू अहिले सरकारको संघीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति तथा यौनिक अल्पसंख्यक समुदाय हेर्ने मन्त्रालयको जिम्मेवारीको रहेको भन्दै उहाँले त्यस्ता व्यक्तित्वहरूको पीडामा मलहम लगाउँदै उनीहरूको संरक्षण तथा उनीहरूको अधिकार सम्पन्न गराउने कार्यमा लागिरहेको बताउनुभयो ।

